आज मिति २०७३ असाढ २२ गते बुधबारका दिन मेचीनगर नगरपालिका कार्यालयका कार्यकारी अधिकृत तथा नगरप्रमुख श्री पशुपति खतिवडाज्यूको अध्यक्षतामा नगरपालिकाको बोर्ड बैठक निम्न उपस्थितिमा बस्यो ।

उपस्थिति

| | |
|---|---|
| कार्यकारी अधिकृत तथा नगरप्रमुख | श्री पशुपति खतिवडा |
| आमन्त्रित | |
| सामुदायीक अधिकृत | श्री अनन्त प्रकाश वस्ती |
| लेखा अधिकृत | श्री राजन कुमार भेटवाल |
| ना.सु. | श्री लक्ष्मी राई |

**<u>निर्णय नं. १</u>** जि.एन. शर्मा भन्ने (घनश्याम उप्रेती) ले दायर गरेको रिट निवेदनको विषयमा छलफल गर्दा झापा मेचीनगर नगरपालिका वडा नं. १० बस्ने जि.एन. शर्मा भन्ने (घनश्याम उप्रेती) यस मेचीनगर नगरपालिकाको कार्यालय, ईटाभट्टा, झापा र ऐ.ऐ. स्थित मेचीनगर नगरपरिषद, ईटाभट्टा, झापाको विरुद्धमा विरुद्धमा समेत सम्मानित पुनरावेदन अदालत ईलाममा २०७२-WO-००३७ को रिट नं. ५९ को परामादेश मिश्रित उत्प्रेषणको मुद्धा दायर गर्नु भएकोले उक्त मुद्धामा मेचीनगर नगरपालिका, ईटाभट्टा, झापा र ऐ.ऐ. स्थित मेचीनगर नगरपरिषद, ईटाभट्टा, झापाको तर्फबाट लिखित जवाफ पेश गर्ने, अड्डा अदालतबाट मुद्धामा परिआउने जुनसुकै लिखत कागजमा सहीछाप गर्ने, वारेस मुकरर गर्ने, कानुन व्यवसायी मुकरर गर्ने समेतका आवश्यक काम कारवाही गर्न यस मेचीनगर नगरपालिका झापाका कार्यकारी अधिकृत श्री पशुपति खतिवडालाई आवश्यक सम्पुर्ण अख्तियारी प्रत्यायोजन गर्ने निर्णय गरियो ।